# गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको कार्य सञ्चालन विधि, २०७३

*(आयोगको मिति २०७३ साल वैशाख ७ गते बसेको दोश्रो बैठकबाट पारित गरी लागू गरिएको)*

# गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको कार्य सञ्चालन विधि, २०७३

प्रस्तावना : नेपालको संविधानको धारा २९५ (३) को व्यवस्था अनुसार संविधानको धारा ५६ (४) र (५) वमोजिम निर्माण हुने गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण गर्नका लागि नेपाल सरकारले एक आयोगको गठन गर्ने व्यवस्था भए वमोजिम नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७२ साल चैत्र १ गतेको निर्णय अनुसार गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको गठन भएको छ । नेपाल सरकार (मन्त्रीपरिषद) को निर्णय वमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको क्षेत्राधिकार तथा कार्य निर्देशन शर्त (अनुसूची –१) को बुँदा (१४) वमोजिम आयोगले आफ्नो कार्य सञ्चालन विधि वनाई लागू गर्ने व्यवस्था अनुसार यो "गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको कार्य सञ्चालन विधि २०७३" वनाई लागू गरिएको छ ।

## भाग १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधिको नाम "गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको कार्य सञ्चालन विधि, २०७३" रहेको छ ।

(२) यो कार्यविधि आयोगको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. परिभाषा: (१) बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २९५ (३) बमोजिम नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७२/१२/१ गते गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगलाई सम्झनु पर्छ ।

(ग) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, विशेष, संरक्षित वा स्वायत्त क्षेत्र समेतलाई सम्झनु पर्छ ।

(घ) "विशेष क्षेत्र" भन्नाले नेपाल सरकार (मन्त्रीपरिषद्) ले तोकेको मापदण्ड (अनुसूचि –२) को बुँदा (९) को (क) अनुसार परिभाषित कुनै जिल्लाको तुलनात्मक विकासका आधारमा आर्थिक र सामाजिक रुपमा अति पछि परेको, विपन्न, भौगोलिक कठिनाईयुक्त, दुर्गम क्षेत्र र समुदायलाई समेटी स्थानीय तहको गठन गर्नुपर्ने देखिएमा सोको निर्धारण गरी त्यस्ता स्थानीय तह (गाउँपालिका वा नगरपालिका) लाई विशेष संरचनाको रुपमा प्रस्ताव गरिएको क्षेत्रलाई सम्झनु पर्छ ।

(ङ) "संरक्षित क्षेत्र" भन्नाले नेपाल सरकार (मन्त्रीपरिषद) ले तोकेको मापदण्ड (अनुसूचि –२) को बुँदा (९) को (ख) अनुसार परिभाषित कुनै जिल्लाको कुनै भाग, भेग वा क्षेत्रमा अति अल्पसंख्यक, लोपोन्मुख र अति सीमान्तकृतरूपमा रहेका जाति, समुदाय र सांस्कृतिक क्षेत्र भएमा सो समेटी गठन हुने स्थानीय तह (गाउँपालिका वा नगरपालिका) लाई संरक्षित क्षेत्रको रुपमा प्रस्ताव गरिएको क्षेत्रलाई सम्झनु पर्छ ।

(च) "स्वायत्त क्षेत्र" भन्नाले नेपाल सरकार (मन्त्रीपरिषद) ले तोकेको मापदण्ड (अनुसूचि –२) को बुँदा (९) को (ग) अनुसार परिभाषित जिल्लामा कुनै भाग वा क्षेत्रमा कुनै एक जाति/समुदाय वा भाषा, संस्कृति भएका समुदायको सघन उपस्थिति र वाहुल्य भएको खण्डमा सो समेटी स्थापना हुने स्थानीय तह (गाउँपालिका वा नगरपालिका) लाई स्वायत्त क्षेत्रका रुपमा प्रस्ताव गरिएको क्षेत्रलाई सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले महानगरपालिका र उपमहानगरपालिका समेतलाई सम्झनु पर्छ ।

(ज) "कार्यविधि" भन्नाले "गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको कार्यसञ्चालन विधि २०७३" लाई सम्झनु पर्छ ।

(झ) "कार्य निर्देश शर्त (ToR)" भन्नाले नेपाल सरकार (मन्त्रीपरिषद)को मिति २०७२/१२/१ को निर्णय अनुसार पारित अनुसूचि–१ को गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोगको क्षेत्राधिकार तथा कार्य निर्देश शर्त (ToR) लाई सम्झनुपर्दछ ।

(ञ) "मापदण्ड भन्नाले नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७२/१२/१ गतेको निर्णय अनुसार आयोगले स्थानीय तह गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण गर्दा पालन गर्नुपर्ने मापदण्ड (अनुसूचि –२) सम्झनुपर्दछ ।

(ट) "सहजीकरण समिति" भन्नाले कार्य निर्देश शर्त अनुसार गठित केन्द्रिस्तरको सहजीकरण समितिलाई सम्झनुपर्छ ।

(ठ) "सहयोग समिति" भन्नाले कार्य निर्देश शर्त अनुसार गठित स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समितिलाई सम्झनुपर्दछ

(ड) “बैठक” भन्नाले आयोगको बैठक सम्झनुपर्दछ ।

(ढ) “पदाधिकारी” भन्नाले आयोगका अध्यक्ष, सदस्य र सदस्य सचिवसमेतलाई सम्झनुपर्दछ ।

३. आयोगको छाप: (१) आयोगको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) आयोगको छाप वैठकबाट स्वीकृत भए वमोजिम हुनेछ ।

४. लागू तथा वचाऊ : (१) यो कार्यविधि आयोगको बैठकबाट पारित भएको मितिदेखि लागू हुनेछ ।

(२) आयोगबाट यस अघि भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

५. थपघट तथा व्याख्या : (१) आयोगले समय समयमा कार्यविधिमा आवश्यक थपघट गर्न सक्नेछ ।

(२) कार्यविधिको व्याख्या सम्वन्धमा कुनै विवाद उठेमा आयोगले प्रष्ट गरे वमोजिम हुनेछ ।

(३) आयोगले यस कार्यविधिको प्रभावकारी कार्यान्वयनको लागि प्रस्तावित मापदण्ड तथा प्रक्रियामा कुनै हेरफेर, थपघट गर्न आवश्यक हुने ठानेमा वैठकको निर्णयले सोको लागि नेपाल सरकारमा सुझाव पेश गर्नेछ ।

## भाग २

## आयोगका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

६. अध्यक्षको काम, कर्तव्य र अधिकार: (१) आयोगको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सदस्यहरुसँगको परामर्शमा सदस्य सचिवमार्फत आयोगको बैठक बोलाउने,

(ख) आयोगको बैठकको अध्यक्षता गर्ने र आयोगको वैठकका निर्णयलाई प्रमाणित गरी राख्ने,

(ग) आयोगको तर्फबाट अन्य निकायहरुको सम्वन्धित विषयमा हुने छलफल, वैठक, कार्यक्रमहरुमा प्रतिनिधित्व गर्ने वा पदाधिकारीमध्येबाट गर्न लगाउने,

(घ) आयोगको कार्यक्षेत्रभित्रका बिषयमा आवश्यक अध्ययन, विश्लेषण, परामर्श, सहजीकरण कार्य गर्न गराउन सदस्यहरू र सदस्य सचिवलाई कामको बाँडफाँट गर्ने वा काज खटाउने,

(ङ) आयोगको अध्ययन, परामर्श, विश्लेषण प्रतिवेदनको गुणस्तर कायम गर्ने, गराउने,

(च) आयोगको सचिवालय तथा दैनिक प्रशासनको रेखदेख तथा अनुगमन गर्ने, गराउने,

(छ) आयोगको प्रतिवेदन, निर्णय, दस्तावेज तथा अन्य कागजपत्रहरू सुरक्षित साथ राख्ने, राख्न लगाउने,

(ज) कार्ययोजना अनुसार आयोगको कार्य प्रगतिको सुनिश्चित गर्ने, नियमित अनुगमन गर्ने र आयोगका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(झ) आयोगबाट तोकिएको अन्य कामहरू गर्ने,

(ञ) आयोगको अन्तिम प्रतिवेदन कार्ययोजना अनुसार समयमा तयार गर्ने, गराउने,

(२) लगातार सात दिनभन्दा बढी समय आयोगका काममा उपस्थित हुन नसक्ने भएमा सदस्यहरुमध्येबाट एक जनालाई आफूले गर्ने कार्य सञ्चालन गर्न कार्यभार दिने ।

७. सदस्यको काम, कर्तव्य र अधिकार: (१) सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको अनुपस्थितिमा प्रत्यायोजित कार्यहरु सम्पादन गर्ने, गराउने ।

(ख) आयोगका बैठकमा सहभागी हुने ।

(ग) तोकिएका बिषयगत क्षेत्रको अध्ययन, विश्लेषण, परामर्श, प्रतिवेदन कार्य गर्ने, संयोजन गर्ने, गुणस्तर कायम गर्ने तथा सहजीकरण गर्ने ।

(घ) बिषयगत अध्ययन, विश्लेषण, परामर्श, प्रतिवेदन कार्यका लागि आवश्यक समिति, उपसमिति, वा कार्यदल वा विज्ञ सेवा लिनुपर्ने भए सोको कार्यविवरण तयार गरी आयोगमा पेश गर्ने ।

(ङ) आयोगका तर्फबाट अध्यक्षले तोकेका निकायमा प्रतिनिधित्व गर्ने तथा सरोकारवालाहरुवीच समन्वय गर्ने ।

(च) सरोकारवाला निकाय र व्यक्तिहरुको क्षमता विकास गतिविधि, कार्यक्रम तय गर्ने र कार्यान्वयन गर्ने ।

(छ) आयोगबाट तोकिएको अन्य कामहरू गर्ने ।

(२) कुनै सदस्य आयोगको काममा संलग्न हुन नसक्ने भएमा सोको जानकारी अध्यक्षलाई गराउनु पर्नेछ । त्यसरी आयोगको काममा संलग्न हुन नसक्ने अवधि सात दिन भन्दा बढी हुने भएमा सो जानकारी लिखित रुपमा अध्यक्षलाई गराउनु पर्नेछ ।

**८. सदस्य सचिवको काम, कर्तव्य र अधिकार** (१) सदस्यको हैसियतले दफा (७) बमोजिम गर्ने कामको अतिरिक्त सदस्य सचिवको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अध्यक्षको निर्देशनमा आयोगको सम्पूर्ण प्रशासनिक काम कारबाही गर्ने,

(ख) अध्यक्षको निर्देशनमा स्वीकृत बजेटको परिधिभित्र रही निर्णय कार्यान्वयन गर्नको लागि खर्च गर्ने, गराउने,

(ग) आयोगको प्रतिवेदन लेखन प्रक्रियाको संयोजन, व्यवस्थापन, सहजीकरण गर्ने गराउने,

(घ) आयोगको बैठकमा उपस्थित भई निर्णय पुस्तिका तयार गर्ने र आयोगको प्रतिवेदन, निर्णय, दस्तावेज तथा अन्य कागजपत्रहरू सुरक्षित साथ राख्ने,

(ङ) आयोगमा नेपाल सरकारबाट खटी आएका सम्पूर्ण कर्मचारीहरूको रेखदेख र नियन्त्रण गर्ने र अध्यक्षसँगको परामर्शमा काजमा खटाउने,

(च) आयोगको हिसाबको लेखा राख्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गराउने र बेरुजु रकम कानुन बमोजिम असुल उपर गर्ने, गराउने,

(छ) आयोगको लागि प्राप्त चल अचल सम्पत्तिको जिन्सी लगत राख्ने र संरक्षण गर्ने, गराउने ।

(ज) आयोगमा प्रवक्ताको रुपमा काम गर्ने,

(झ) आयोग तथा अध्यक्षले तोकेका अन्य कामहरू गर्ने,

**९. आयोगका पदाधिकारीको आचारसंहिता :** (१) आयोगले आवश्यकता अनुसार आयोगका पदाधिकारीको आचारसंहिता वनाई लागू गर्न सक्नेछ ।

(२) आचारसंहिताको पालन गर्नु आयोगका पदाधिकारीको कर्तव्य हुनेछ ।

(सकेसम्म सहमतिमा निर्णय, एक अर्कोप्रति सदभाव र सहकार्य, बैठक तथा सार्वजनिक रूपमा सभ्य प्रस्तुति तथा समयपालन, एक अर्को स्थानीय तह, क्षेत्र, समुदायमा सौहार्दता निर्माणमा जोड, सन्दर्भ तथा सूचना सामग्रीको पदाधिकारीहरूबीच आदानप्रदान, आयोगका बिषयमा सार्वजनिक भएका धारणाहरूको एक आपसमा जानकारी तथा साझा धारणा निर्माण गर्ने र गोपनियता कायम राख्ने ।)

## भाग ३

## आयोगको बैठकसम्वन्धी व्यवस्था

१०. आयोगको वैठक: (१) आयोगको बैठक सामान्यतया महिनाको एक पटक बस्नेछ । आवश्यकता अनुसार आयोगको वैठक जहिलेसुकै बस्न सक्नेछ ।

(२) आयोगका सदस्यहरुसँगको परामर्शमा अध्यक्षको निर्देशन अनुसार सदस्य सचिवले आयोगको बैठक बोलाउनेछ ।

(३) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) आयोगले वैठकमा आवश्यकता अनुसार स्थानीय निकायका संघ–महासंघहरुबाट तथा कुनै व्यक्ति र निकायलाई परामर्शको लागि आमन्त्रण गर्न सक्नेछ । आमन्त्रित सदस्यहरुलाई बैठकमा मताधिकार रहनेछैन ।

(५) आयोगको बैठकसम्बन्धी अन्य कार्यविधि समय समयमा आयोगले तोके बमोजिम हुनेछ ।

११. आयोगको बैठकको कार्यसूचि: (१) अध्यक्षसँगको परामर्शमा सदस्य सचिवले कार्यसूचि तोकी बैठक हुनुभन्दा कम्तिमा तीन दिन अगावै सदस्यहरुलाई जानकारी गराउनुपर्नेछ ।

(२) आयोगका कुनै पनि सदस्यले आयोगको कार्य निर्देश शर्त र अधिकारक्षेत्र भित्रको जरुरी बिषयमा कार्यसूची तयार हुनु अगावै वा बैठक बसिरहेको समयमा कुनै कार्यसूचि समावेश गरियोस भनी प्रस्ताव राख्न सक्नेछन ।

१२. गणपुरक संख्या र बैठकको निर्णय: (१) आयोगको बैठकमा तत्काल कायम रहेको सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(२) आयोगले स्थानीय तहको संख्या र सीमाना निर्धारण गर्दा विभिन्न चरणका प्रक्रिया र सुझावहरुसमेतलाई ध्यानमा राखी सकेसम्म सर्वसम्मत रुपमा निर्णय गर्नेछ ।

(३) सर्वसम्मत निर्णय हुन नसकेको खण्डमा उपस्थित सदस्यहरूको बहुमतको आधारमा बैठकको निर्णय हुनेछ ।

(४) आयोगको बैठकमा मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) आयोगको बैठकको निर्णय अध्यक्षले प्रमाणित गरी राख्नेछ । आयोगको अन्तिम प्रतिवेदनमा सबै पदाधिकारीको हस्ताक्षर हुनेछ । तर कुनै सदस्यले हस्ताक्षर नगरेको कारणले मात्रै प्रतिवेदनलाई अन्तिमरुप दिन बाधा पर्नेछैन ।

## भाग ४

## आयोगको समिति, उपसमिति, सचिवालयसम्वन्धी व्यवस्था

१३. आयोगले विभिन्न समिति, उपसमिति र कार्यदल वनाई कार्य गर्नसक्ने: (१) आयोगले कार्य निर्देश शर्तको बुँदा १३ वमोजिम आवश्यकता अनुसार समय समयमा आफनो कार्य क्षेत्र भित्र पर्ने विषयवस्तुमा अध्ययन, अनुसन्धान तथा तोकिएको अन्य कार्य गर्न विभिन्न बिषयगत समिति, उपसमिति वा कार्यदल वनाई कार्य गर्न, गराउन सक्नेछ ।

(२) आयोगले यसरी वन्ने समिति, उपसमिति वा कार्यदलको कार्य विवरण तथा समय किटान गरी काममा लगाउनेछ ।

(३) आयोगले समिति, उपसमिति वा कार्यदलमा रहने सदस्यहरुको कार्यशर्त तथा सुविधासम्वन्धी व्यवस्थाको प्रस्ताव तयार गरी आवश्यक कार्यान्वयन र सहजीकरणका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पेश गरेवमोजिम हुनेछ ।

१४. सल्लाहकार समिति गठन गर्न सक्ने (१) आयोगले आवश्यक ठानेमा आफ्नो काममा सहयोग पुऱ्याउन विषयक्षेत्रसंग सम्वन्धित ज्ञान, सीप र अनुभव भएका विज्ञ् व्यक्तिहरु रहेको एक सल्लाहकार समुह गठन गर्न सक्नेछ ।

(२) सल्लाहकार समिति सम्बन्धी अन्य कुरा आयोगबाट तोकिए बमोजिम हुनेछ ।

१५. आयोगको सचिवालय सम्वन्धी व्यवस्था: (१) आयोगको कार्य निर्देश शर्त तथा अधिकारक्षेत्रका बिषयमा आवश्यक प्रशासनिक व्यवस्थापन तथा समन्वयात्मक कार्य गर्न आयोगको एक सचिवालय रहनेछ ।

(२) आयोगको सदस्य सचिव सचिवालयको प्रमुख हुनेछ ।

(३) आयोगको संगठन संरचना तथा सचिवालयको ढाँचा र आवश्यक कर्मचारीहरु निम्न अनुसार हुनेछ ।

## आयोगको संगठनात्मक ढाँचा




१६. कर्मचारी माग गर्ने तथा बिज्ञसेवा लिनसक्ने: (१) आयोगले नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमार्फत आफ्नो कामका लागि आवश्यकता पहिचान भएका क्षेत्रमा निश्चित कार्यविवरण समेत तोकी विभिन्न मन्त्रालय तथा विभागबाट सम्वन्धित विज्ञता भएका कर्मचारीहरु माग गर्न सक्नेछ । नेपाल सरकारले त्यस्तो माग वमोजिमको प्राविधिक सीपयुक्त जनशक्ति उपलव्ध गराउनेछ ।

(२) आयोगले कार्य निर्देश शर्त र मापदण्ड वमोजिम सम्पादन गर्नुपर्ने बिषयक्षेत्र निर्धारण गरी विज्ञसेवा लिन सक्नेछ ।

(३) आयोगले आवश्यक ठानेमा कुनै विषय विज्ञ तथा निकायका प्रतिनिधिहरुलाई आयोगमा निश्चित विषयवस्तुमा प्रस्तुतिका लागि वोलाउन सक्नेछ ।

(४) विज्ञसेवाका लागि आवश्यक जनशक्ति नियुक्तिको प्रक्रिया आयोगले तोके वमोजिम हुनेछ ।

## भाग ५

## आयोगको परामर्श विधि, समन्वय तथा प्रतिवेदन

१७. सहभागितामूलक प्रक्रिया अपनाइने : (१) आयोगले आयोगको कार्य निर्देश शर्त अनुसारको कार्य सम्पादन गर्ने विभिन्न चरण र प्रक्रियामा संघ, प्रदेश र स्थानीय तहमा सरोकारवाला नेपाल सरकारका पदाधिकारीहरु, व्यवस्थापिका संसदका सदस्यहरु, राजनीतिक दलका प्रतिनिधिहरु, विषय विशेषज्ञ, विकास साझेदार निकाय, स्थानीय निकाय संघमहासंघहरु, नागरिक समाजका प्रतिनिधिहरुसँग परामर्श बैठक, अन्तरक्रिया, छलफल, कार्यशाला गोष्ठी गरी राय, सल्लाह तथा सुझाव संकलन गर्नेछ ।

(२) आयोगले आफूले सम्पादन गर्नुपर्ने कार्य सम्पादनका लागि आवश्यक विषय निर्धारण गरी सो बिषय उपर विभिन्न माध्यमवाट आम जनता र सरोकारवाला निकाय र व्यक्तिको राय, सल्लाह र प्रतिक्रिया लिने व्यवस्था गर्नेछ ।

(३) आयोगले प्रत्येक जिल्ला तहमा जिल्लामा क्रियाशील राजनीतिक दलहरु, स्थानीय निकाय, नागरिक समाज र लक्षित समुदायका संघसंस्थाका प्रतिनिधिहरु, निवर्तमान जनप्रतिनिधिहरु, विषयगत कार्यालयका प्रतिनिधि लगायतका सरोकारवालाहरुसँग राय सुझाव संकलनका लागि परामर्श, छलफल तथा कार्यशाला आयोजना गर्नेछ ।

(४) प्रत्येक जिल्ला तहमा रहेको प्राविधिक सहयोग समितिले आयोगले दिएको मापदण्ड र निर्देशनको आधारमा स्थानीय तहको संख्या तथा संरचनाका बिषयमा साझा धारणा वनाई प्रस्ताव गर्न प्रोत्साहित गरिनेछ ।

तर माथि बुँदा १७ को (४) मा जेसुकै उल्लेख भएको भएतापनि आयोगबाट निर्धारित मापदण्ड बमोजिम जिल्ला तहबाट साझा धारणा वा गाउँ वा नगरपालिकाको सिफारिश प्राप्त नभएकै आधारमा मापदण्डभित्र रही निर्णय गर्न यस आयोगलाई वाधा पर्नेछैन ।

(५) आयोगले विभिन्न चरण र प्रक्रियामा संघ, प्रदेश र स्थानीय तहमा गर्ने परामर्श, छलफल, अन्तरक्रिया तथा सहजीकरण कार्य गर्न सरोकारवाला निकाय, स्थानीय निकायका संघमहासंघहरु, नागरिक समाजका संघसंस्थाहरुलाई कार्य निर्देश शर्त तोकी लगाउन सक्नेछ ।

१८. आयोगको प्रतिवेदन : (१) सहभागितामूलक प्रक्रियाबाट आयोगमा प्राप्त राय, सुझाव तथा प्रतिक्रियाहरुलाई विश्लेषण गरी स्थानीय तहको संख्या र सीमाना निर्धारण गरी आयोगको अन्तिम प्रतिवेदनको मस्यौदा तयार गरिनेछ । विभिन्न चरण र प्रक्रियाबाट प्राप्त सुझावहरु र सुझाव प्रस्तुतकर्ताहरुको विवरण अनुसूचीकृत गरी राखिनेछ ।

(२) आयोगले कार्य निर्देश शर्त र मापदण्ड अनुसार यस कार्यविधिको प्रक्रिया वमोजिम अन्तिम प्रतिवेदन तयार गरी २०७३ फागुन महिनाभित्रै नेपाल सरकारमा प्रस्तुत गर्नेछ ।

(३) आयोगको प्रतिवेदनमा आयोगका सम्पूर्ण सदस्यहरु वा सो हुन नसके वहुमत सदस्यहरुले हस्ताक्षर गरी राख्नुपर्नेछ ।

(४) आयोगको प्रतिवेदनमा कुनै सदस्यले आफनो फरक मत सहितको हस्ताक्षर गर्न चाहेमा सो फरक मत सहितको हस्ताक्षर गर्न अध्यक्षले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

१९.सहजीकरण समितिसँग परामर्श तथा समन्वय: (१) आयोगले आफ्नो कार्ययोजना, प्रारम्भिक अवधारणा तथा नेपाल सरकार तथा सरोकारवाला विभिन्न निकायबाट अपेक्षित सहयोगको खाका तयार गरी र जिल्लास्तरका वहुपक्षीय सरोकारवालाहरुसँगको परामर्श तथा छलफलका आधारमा प्राप्त राय सुझावको विश्लेषणसहित तयार भएको प्रतिवेदन उपर आवश्यक राय, सल्लाह तथा सहजीकरणका लागि केन्द्रिय सहजीकरण समितिसँग संयुक्त बैठकको आयोजना गर्नेछ ।

(२) आयोगले सहजीकरण समितिका सदस्यहरुलाई विभिन्न तहमा मूलत: बिषयगत क्षेत्र र निकायहरुबीच आवश्यक समन्वय तथा सहजीकरणका लागि अनुरोध गरी पठाउन सक्नेछ ।

२०. स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समितिसँग समन्वय :(१) आयोगले सहयोग समितिबाट अपेक्षित सहयोगको विवरण तयार गरिसकेपछि सहयोग समितिका सदस्यहरु मध्येबाट उपयुक्त संख्यामा सहभागी छनौट गरी प्रादेशिक तहमा परामर्श तथा अन्तरक्रिया कार्यक्रम आयोजना गर्नेछ । त्यसरी आयोजना गरिएको कार्यक्रमको निश्कर्ष तथा आयोगको मार्गदर्शन सबै सहयोग समितिहरुलाई उपलब्ध गराइने छ ।

(२) जिल्ला तहको कार्यशालाको आयोजना तथा स्थानीय धारणा निर्माण गर्न आवश्यक कार्य सहयोग समितिले गर्नेछ ।

(३) सहयोग समितिसम्वन्धी अन्य व्यवस्था समय समयमा आयोगसँगको परामर्शमा नेपाल सरकारले तोकिदिए वमोजिम हुनेछ ।

२१. क्षमता विकास : (१) आयोगले आफ्नो कार्यसूचिभित्र पर्ने बिषयमा महत्वपूर्ण सहयोग लिनु पर्ने निकाय तथा पदाधिकारीहरुको क्षमता विकासको लागि अध्ययन, अनुसन्धान, परामर्श, अनुभव आदान प्रदान जस्ता उपयुक्त कार्यक्रम सञ्चालन गर्न कार्ययोजना वनाई कार्यान्वयन गर्न सक्नेछ ।

(२) आवश्यकता अनुसार आयोगका पदाधिकारीहरु आफ्नो कार्य निर्देश शर्तभित्रका बिषयमा कुनै निकाय वा बिषयविज्ञबाट आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागी हुन र भाग लिन सक्नेछन ।

(३) आयोगले आवश्यकता अनुसार आयोगका कार्य निर्देश शर्तका बिषयहरुमा साझा धारणा निर्माण तथा समान खालका अन्तर्राष्ट्रिय अभ्यासहरुबाट सिक्न आयोगका पदाधिकारी, कर्मचारी र अन्य सरोकारवालाहरुलाई अध्ययन भ्रमणको आयोजना गर्न सक्नेछ ।

(४) आयोगले आफ्ना कार्य निर्देश शर्त अनुसारका काम सम्पादन गर्न नेपाल सरकारसँगको सहमतिमा वाह्य (अन्तराष्ट्रिय) विज्ञसँग परामर्श सेवा समेत लिन सक्नेछ ।

## भाग ६
## आयोगको वित्तीय व्यवस्थापन र बार्षिक कार्ययोजना

२२.आयोगको वित्तीय व्यवस्थापन: (१) आयोगको कार्य संचालनको लागि एक छुट्टै कोष वा खाता रहनेछ ।

(२) आयोगको कोष वा खातामा आयोगले प्रस्तुत गरेको कार्ययोजना र बजेट अनुसारको नेपाल सरकारले उपलव्ध गराएको रकम रहनेछ ।

(३) आयोगको खाता सञ्चालन आयोगको सदस्य सचिव वा निजले तोकेको कर्मचारी र लेखा अधिकृत वा लेखापालको संयुक्त हस्ताक्षरमा हुनेछ ।

(४) आयोगको आय, व्ययको बार्षिक लेखापरिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

२३. आयोगको कार्ययोजना: (१) आयोगको बार्षिक कार्य योजना यसै कार्यविधिको अनुसूचि १ मा दिइए वमोजिम हुनेछ ।

(२) आयोगले आफ्नो कार्ययोजनामा समय समयमा आवश्यक हेरफेर, थपघट गर्न सक्नेछ ।

*अनुसूचि १*

# आयोगको कार्ययोजना

| कार्य विवरण | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक |
|---|---|---|---|
| १. आयोगको कार्यप्रारम्भ | | | |
| १.१ आयोगको सचिवालय स्थापना र पुर्वाधार तयारी<br>(सदस्य सचिवको नियुक्ति, आयोगको माग अनुसार आवश्यक कर्मचारी खटाउने, कार्यालय स्थापना, आवश्यक पूर्वाधार र फर्निचर, इन्टरनेट, वेभ साइट, कम्प्यूटर, प्रिन्टर, फोटोकपि, स्क्यानर, इन्भर्टर, पावर प्वाइन्ट प्रोजेक्टर व्यवस्थापन, आदि) | आयोग गठन भएको पहिलो ६ हप्ता | | |
| १.२ आयोगको कार्यसञ्चालन कार्यविधि निर्माण तथा स्वीकृत र आयोगको बार्षिक कार्ययोजना (Work Plan) तयारी तथा स्वीकृत | २०७३, वैशाख १५ | | |
| १.३ आयोगको स्रोतकेन्द्र व्यवस्थापन (आवश्यक अध्ययन तथा सन्दर्भ सामग्री संकलन) (संविधान, संविधानसभाका प्रतिवेदनहरु, अन्तराष्ट्रिय अभ्याससम्वन्धी सामग्रीहरु, प्रचलित कानुन, नीति, नियम, योजना, स्थानीय तहसम्वन्धी विगतका प्रतिवेदनहरु, प्रशासन सुधार प्रतिवेदन, वित्तीय विश्लेषण प्रतिवेदन, आदि)<br>• सन्दर्भ सामग्रीको आयोगका पदाधिकारीहरुबाट स्वअध्ययन, विश्लेषण तथा आयोगमा प्रस्तुति | आयोग गठन भएको पहिलो हप्ता देखि निरनतर | | |
| २. आयोगका लागि आवश्यक विज्ञ तथा विशेषज्ञ सेवाको पहिचान तथा नियुक्ति | २०७३, वैशाख देखि | | |
| २.१ विशेषज्ञ सेवा आवश्यक पर्ने क्षेत्रको पहिचान तथा निर्धारण | २०७३ वैशाखभित्र | | |
| २.२ विशेषज्ञ सेवाका लागि आवश्यक समिति, उपसमिति, कार्यदलको कार्यविवरण तयारी तथा गठन | २०७३ वैशाख १५ | | |
| २.३ विशेषज्ञको रोष्टर तयार<br>२.४ विशेषज्ञहरुको नियुक्ति | २०७३ वैशाख भित्र | | |
| २.५ आयोगको काममा सुझाव दिन सल्लाहकार समुहको गठन गर्ने | २०७३ वैशाख मशान्त | | |
| ३. आयोगको कार्य निर्देश शर्त र मापदण्डको विस्तृतीकरण | | | |
| ३.१ आयोगले कार्यसम्पादन गर्नु पर्ने कार्य निर्देश शर्त (ToR) र स्थानीय | २०७३ वैशाख १५ | | |

| कार्य विवरण | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक |
|---|---|---|---|
| तहको पुनर्संरचनाका मापदण्ड तथा सूचकहरु (Criteria, Indicators) मा आयोगका पदाधिकारीवीच साझा बुझाई निर्माण, आयोगका पदाधिकारीहरुवीच विषयक्षेत्रगत कार्यविभाजन | सम्म | | |
| ३.२ स्थानीय तहको संख्या र सीमाना निर्धारण गर्दा पालन गर्नुपर्ने मापदण्ड र प्रक्रियाबारे विज्ञ् समूहसँग परामर्श, छलफल | २०७३ वैशाख | | |
| ३.३ स्थानीय तहको संख्या र सीमाना निर्धारण गर्दा पालन गर्नुपर्ने मापदण्ड र प्रक्रियाबारे स्थानीय निकायका संघ–महासंघहरुसँग परामर्श, छलफल | २०७३ वैशाखभित्र | | |
| ३.४ स्थानीय तहको संख्या र सीमाना निर्धारण गर्दा पालन गर्नुपर्ने मापदण्ड र प्रक्रियाबारे लक्षित वर्गका प्रतिनिधिमुलक संघसंस्थाका प्रतिनिधिहरुसँग परामर्श, छलफल | २०७३ जेष्ठ भित्र | | |
| ३.५ नेपाल सरकारका निकायहरुसंग परामर्श तथा छलफल | २०७३ जेष्ठ भित्र | | |
| ३.६ स्थानीय तहको संख्या र सीमाना निर्धारण गर्दा पालन गर्नुपर्ने मापदण्ड र प्रक्रियाबारे राजनीतिक दलका प्रतिनिधि र व्यवस्थापिका संसदका सदस्यहरुसँग परामर्श, छलफल | २०७३ जेष्ठ भित्र | | |
| ४. आयोगको सञ्चार रणनीति तथा स्थानीय तहको संख्या र सीमाना निर्धाण सम्वन्धी आवश्यक सूचना तथा तथ्यांकको संकलन, अद्यावधिक तथा विश्लेषण | | | |
| ४.१ आयोगको लागि आवश्यक तथा उपयुक्त सञ्चार रणनीतिको मस्यौदा तर्जुमा | २०७३ वैशाख तेश्रो हप्ता भित्र | | |
| ४.२ आयोगबाट सञ्चार रणनीति स्वीकृति | २०७३ वैशाख चौथो हप्ता | | |
| ४.३ आयोगको सञ्चार रणनीतिको कार्यान्वयन | निरन्तर | | |
| ४.४ विषयविज्ञ छनौट तथा विषयगत अध्ययन, विश्लेषण कार्य प्रारम्भ | २०७३ वैशाखभित्र | | |

| कार्य विवरण | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक |
|---|---|---|---|
| ४.५ द्वितिय श्रोतबाट स्थानीय तहको पुनर्सँरचना सम्वन्धी सूचना, तथ्यांकको संकलन, अध्ययन, विश्लेषण (जनसंख्या, क्षेत्रफल, GIS, जनसाँखिक अवस्थिति र वितरणको अवस्था, पूर्वाधार तथा पहुँचको अवस्था, प्राकृतिक श्रोत, आर्थिक श्रोत एवं मानव संसाधनको उपलव्धता, सेवा सूचकहरु, आदि)<br>• तथ्यांक सिर्जना गर्ने, संकलन गर्ने, विश्लेषण गर्ने र म्यापिङ गर्ने । | २०७३ जेष्ठ देखि | | |
| ४.६ केन्द्रियस्तरको सहजीकरण समितिसँग परामर्श बैठक (हरेक चार महिनामा कम्तिमा एउटा बैठक)<br>४.७ नेपाल सरकारका विभिन्न मन्त्रालयहरुसंग परामर्श एवं छलफल | २०७३ जेठ पहिलो हप्ता | | |
| ४.८ राष्ट्रिय योजना आयोग, स्थानीय निकाय वित्तीय आयोग, बिषयगत मन्त्रालय, तथ्यांक विभागबाट आवश्यक सूचनाको पहिचान, परामर्श वैठक, आवश्यक प्राविधक जनशक्ति माग तथा कार्यविवरण सहित परिचालन | २०७३ जेठ १५ भित्र | | |
| ४.९ स्थानीय तह पुनर्संरचना प्राविधिक समितिका पदाधिकारीहरुसँग प्रादेशिक तहमा अभिमुखिकरण | २०७३ श्रावण १५ भित्र | | |
| ५. स्थानीय तहको संख्या र सीमाना निर्धारण सम्वन्धी प्रारम्भिक अवधारणा तयारी | | | |
| ५.१ संघ, प्रदेश र स्थानीय तहमा हुने परामर्श छलफल र अन्तरक्रियाका लागि सहयोगी हुने जानकारी तथा सूचनामूलक प्रस्तुति, प्रारम्भिक अवधारणा तयारी | | २०७३ साउन मसान्त | |
| ५.२ प्रारम्भिक अवधारणामाथि सरोकारवाला बिषयविज्ञ, बुद्धिजिवी, नागरिक समाजका संघसंस्था, लक्षित समुदाय, स्थानीय निकायका संघ महासंघहरुसँग परामर्श, छलफल । | | २०७३ भाद्र/असोज मसान्त | |
| ५.३ अवधारणामाथि राजनीतिक दलका प्रतिनिधि र व्यवस्थापिका संसदका सदस्यहरुसँगको परामर्श तथा छलफल | | २०७३ भाद्र/असोज मसान्त | |

| कार्य विवरण | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक |
|---|---|---|---|
| ५.४. महत्वपूर्ण सहयोग लिनु पर्ने सरोकारवाला व्यक्ति र निकायका प्रतिनिधिहरुलाई स्थानीय तहको संख्या तथा सीमाना निर्धारणमा अभ्यास भएका अन्तराष्ट्रिय अनुभवहरुको आदान प्रदान | | २०७३ भाद्र/असोज्र/ कार्तिक | |
| ५.५ स्थानीय तह पुनर्संरचना प्राविधिक समितिबाट जिल्लाका र इलाकास्तरका सरोकारवाला निकायहरुसँग परामर्श र छलफल गरी आयोगबाट तोकिएको मापदण्डमा आधारित भई प्रारम्भिक राय, सुझाव तथा स्थानीय तहको संख्या र सीमानासम्वन्धी अवधारणा माग गर्ने । | | २०७३ साल साउन महिनाभरी | |
| ५.६ दोश्रो तहका सूचनामा आधारित अध्ययन, विश्लेषण, प्राप्त जनमत र सुझावका आधारमा जिल्लागत रुपमा स्थानीय तहको संख्या र सीमाना निर्धारणसम्वन्धी अवधारणा तथा सम्भावित वैकल्पिक प्रस्तावहरु तयारी | | २०७३ भाद्र महिनाभित्र | |
| ६. जिल्ला र इलाका तहको छलफल तथा परामर्श सञ्चालन | | | |
| ६.१ जिल्लागत रुपमा सुझाव संकलन गर्न स्थलगत अध्ययन, कार्यशाला गोष्ठी सञ्चालन | | भाद्र मध्येदेखि | कार्तिक मसान्त सम्म |
| ६.२ सहयोग समितिबाट जिल्लागत अन्तिम प्रतिवेदन आयोगमा पेश गर्ने । | | | मंशीर मसान्त सम्म |
| ६.३ मस्यौदा प्रतिवेदन केन्द्र, जिल्ला र स्थानीय तहमा छलफल | | | २०७३ पौष मशान्त सम्म |
| ६.३ विभिन्न तहबाट प्राप्त सुझावहरुको अध्ययन, विश्लेषण गरी प्रतिवेदन तयारी | | | २०७३ माघभित्र |
| ७. सहजीकरण समितिमा आयोगको प्रतिवेदनवारे जानकारी बैठक | | | फागुन १५ अगावै |
| ८. अन्तिम प्रतिवेदन लेखन तथा नेपाल सरकारमा प्रतिवेदन प्रस्तुत | | | फागुन मसान्त २०७३ |
| ९. सूचना समप्रेषण | चैत्र २०७२ देखि २०७३ फागुन सम्म निरन्तर | | |